का.जि.प्र.का.द.नं. १००/०५९/६०

६ जेठ २०८०,
शनिबार
20 May 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ११४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



नीति तथा कार्यक्रम

- उच्चपदस्थको सम्पतिलाई छानबिनको दायरामा ल्याउने
- अनावश्यक बोर्ड तथा समिति खारेज
- सार्वजनिक खर्चमा मितव्ययिता, पुँजीगत खर्चमा वृद्धि
- दुई वर्षभित्र पाँच लाख थप आन्तरिक रोजगारी
- वर्षामा मासिक ५० र हिउँदमा मासिक ३० युनिटसम्म विद्युत नि:शुल्क
- पाठेघर र स्तन क्यान्सरको नि:शुल्क उपचार

# विश्वास जित्ने प्रयास

सडक खाली नगराई शीतल निवासबाट नयाँ बानेश्वरस्थित संसद भवन गएर राष्ट्रपति पौडेलले विश्वास जिते । त्यसमाथि सरकारले उच्चपदस्थलगायत जो–कोहीले गैरकानूनीरूपमा आर्जन गरेको सम्पत्तिलाई छानबिनको दायरामा ल्याउने भनेर थप विश्वास आर्जन गर्न खोजेको छ ।

## सपनै छैन : एमाले



प्रमुख प्रतिपक्षी नेकपा एमालेका सचिव योगेश भट्टराईले सरकारको नीति तथा कार्यक्रममा 'भएभरका सबै कुरा भएको तर केही नभएको दस्तावेज'को संज्ञा दिएका छन् ।

'सुशासनका, भ्रष्टाचारका तमाम पक्षहरुमा ठोस र प्रभावकारी कार्ययोजना केही पनि छैन्' नीति तथा कार्यक्रमप्रति उनी थप टिप्पणी गर्छन, >>> पृष्ठ २ मा

## आर्थिक संकटलाई हेरिएन : रास्वपा



राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका प्रमुख सचेतक सन्तोष परियारको नजरमा सरकारले त्यस्तो केही योजना ल्याएन ।

'आज हामी जुन आर्थिक अवस्थामा छौं । संकटहरु नेपालको अर्थतन्त्रमा आएको छ । त्यसलाई ठोस रुपमा हेर्ने गरी केही आएको मैले पाएको छैन', उनी भन्छन्, 'विगतमा >>> पृष्ठ २ मा

## डे वानदेखि काम गर्छौं : अर्थमन्त्री महत



अर्थमन्त्री प्रकाशशरण महत आवश्यकता अनुसारको नीति तथा कार्यक्रम आएको दावी गर्छन् । नयाँ विषय खोज्नु भन्दा भन्दै आएका र भनिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नै प्रमुख विषय भएको उनको जवाफ छ ।


'नयाँ भनेर कुनै आविष्कार गरेर हुने कुरा होइन । जे आवश्यक >>> पृष्ठ २ मा

## आशा गर्ने ठाउँ छ : स्वास्थ्यमन्त्री बस्नेत



स्वास्थ्यमन्त्री मोहन बस्नेत संसदमा प्रस्तुत नीति तथा कार्यक्रम आशावादी रहेको बताउँछन् । 'धेरै हदसम्म यसले राम्रो ट्र्याक पक्रिन्छ । अहिले कोभिड र युद्धको कारणले अर्थतन्त्र संकटमा पुगेको छ । यसले सबैतिर समेटेको छ । यसलाई सही ढंगले कार्यान्वयन गर्नपर्छ । यसबाट आशा गर्ने ठाउँ छ ।'

## 'समृद्धिका लागि राष्ट्रिय एकता आवश्यक'



नीति तथा कार्यक्रम कस्तो आयो भन्ने विषय भन्दा ज्यादा कार्यान्वयन हुन्छ या हुँदैन ? कसरी कार्यानवयन हुन्छ ? भन्ने विषय महत्वपूर्ण रहेको बताउँछन् पूर्व सभामुख दमननाथ ढुंगाना ।

कार्यान्वयन गर्न सक्दा फितलो भनिएको नीति तथा >>> पृष्ठ २ मा

## 'युवासँग सरकार हुने छैनन् बेरोजगार'

सरकारले आगामी आर्थिक वर्षमा नयाँ श्रम गन्तव्य मुलुक खोज्ने बताएको छ ।

'युवासँग सरकार, हुने छैनन् बेरोजगार' अभियानअन्तर्गत आगामी दुई वर्षभित्र पाँच लाख थप आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । उत्पादनसँग प्रत्यक्ष जोडिने रोजगार र उद्यमशीलता सम्बन्धित संस्था, >>> पृष्ठ २ मा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ जेठ ।

राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन् । सडक खाली नगराइ सितल निवासबाट नयाँ वानेश्वरस्थित संसद भवन गएर राष्ट्रपतिले सुरुमै विश्वास जिते ।

त्यसमाथि सरकारले उच्चपदस्थ लगायत जोकोहीले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई छानबिनको दायरामा ल्याउने घोषणा गरेर थप विश्वास आर्जन गर्न खोजेको छ । सुशासनका लागि भ्रष्टाचारविरुद्ध मुलुक एकतावद्ध भएका बेला सरकारले उच्चपदस्थ लगायत जोकोहीले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिलाई छानबिनको दायरामा ल्याइने घोषणा गरेको हो ।

नीति तथा कार्यक्रम प्रस्तुत गर्दै राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान सरकार गठन भएपछिको मन्त्रिपरिषद्को पहिलो बैठकले भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीतिलाई परिणाममा देखिने गरी कार्यान्वयन गर्ने संकल्पका साथ दूरगामी महत्वको निर्णय गरेको बताए ।

राष्ट्रपति पौडेलले यो निर्णय कार्यान्वयन हुन थालेपछि राज्य र लोकतन्त्रप्रति नागरिकको भरोसा र जागरुकता उत्साहजनक ढंगले बढेको बताए । उनले भने, 'विधिको शासनको अनुभूतिसँगै लोकतन्त्रप्रति जनताको भरोसा बढेको छ । अविश्वास र निराशालाई आशा र आत्मविश्वासले जितेको छ । भ्रष्टाचार नियन्त्रणमा सरकार र नागरिक एकै ठाउँमा उभिएका छन् । सरकारलाई जनताको अभूतपूर्व साथ र सहयोग प्राप्त भएको छ । दृढ इच्छाशक्ति र संकल्प भयो भने सबै प्रकारका विकृतिलाई नियन्त्रण गर्ने शक्ति लोकतन्त्रभित्रै छ भन्ने प्रमाण सरकारले आगामी दिनमा अझै विश्वसनीय ढंगले स्थापित गर्नेछ । सुशासनमा कुनै सम्झौता हुने छैन ।'

भ्रष्टाचारविरुद्धको अभियानलाई अझ सघन बनाएर राज्यका सबै तह र संरचनामा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीतिलाई थप कडाइका साथ कार्यान्वयन गरिने बताएका छन् ।

यसका साथसाथै सरकारले लामो संघर्षपछि हासिल भएको संघीय लोकतान्त्रिक व्यवस्थालाई संस्थागत गर्दै समाजवाद उन्मुख अर्थतन्त्र र शुसासन प्रणाली संस्थागत गर्नु पहिलो प्राथमिकता भनेको छ ।

संविधान र संघीयताको प्रभावकारी कार्यान्वयन, अर्थतन्त्रको प्रभावकारी सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्चमा वृद्धि लगायतका विषय समेत सरकारको प्राथमिकतामा राखिएको छ ।

गुणस्तरीय पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार, उत्पादन र रोजगारीमा वृद्धि, हरित अर्थतन्त्रको विकास लगायतका विषय समेत सरकारले आगामी वर्षको प्राथमिकतामा राखेको छ । गरिबी निवारण र समावेशी विकास तथा देशको राष्ट्रिय >>> पृष्ठ २ मा

## 'हाम्रो स्कुल, बनाऔं राम्रो स्कुल'

नीति तथा कार्यक्रममा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको छ । शिक्षा क्षेत्रलाई स्मार्ट तथा सूचना प्रविधिमैत्री बनाउन सरकारले जोड दिइएको छ ।

सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणाबमोजिम शिक्षा क्षेत्रलाई अगाडि बढाउने, विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने कार्यलाई प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रूपमा सञ्चालन गर्ने भनिएको छ ।

पढ्दै कमाउँदै कार्यक्रमलाई पढ्दै कमाउँदै, कमाउँदै पढ्दै कार्यक्रमको रूपमा सञ्चालन गर्ने, यस वर्षजस्तै प्रत्येक वर्ष शैक्षिक >>> पृष्ठ २ मा

## कर्णाली र सुदूरपश्चिममा एयर एम्बुलेन्स

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत स्वास्थ्य क्षेत्रमा सुधारका लागि बिभिन्न प्राथमिकता अघि सारेको छ । हरेक जनतालाई स्वास्थ्य सेवाको पहुँचमा पूर्ण रुपमा पुऱ्याउने, स्वास्थ्य संस्थाका विकास, विस्तार, अनुगमनका साथै सर्ने र नसर्ने रोग सम्बन्धी स्वास्थ्य संस्था स्थापना गरिने बताइएको छ ।

सरकारले आधारभूत अस्पतालहरूमा एक एमडीजीपी, एक महिला तथा प्रसूति रोग विशेषज्ञ, कम्तीमा तीनजना मेडिकल अधिकृत र आवश्यक नर्स, ल्याब लगायतका प्राविधिक जनशक्ति उपलब्ध गराउने नीति लिएको छ । सरकारले दुर्गम क्षेत्रमा समयमा उपचार नपाउँदा अल्पायुमै हुने >>> पृष्ठ २ मा

# वैदेशिक रोजगार विशेष

### नयाँ महानिर्देशकलाई व्यवसायीहरुको बधाई तथा शुभकामना

## सेवा शुल्क परिमार्जनबारे नयाँ सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ जेठ

वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक मदन दाहालले लागतको वास्तविकता प्रष्ट पारेर मात्रै सेवा शुल्क परिमार्जनको लविङमा अघि बढ्न सुझाव दिएका छन् । बुधबार विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेका दाहाललाई बधाई तथा शुभकामना दिन शुक्रबार पुगेको वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधिमण्डललाई सम्बोधन गर्दै उनले उक्त सुझाव दिएका हुन् ।

निजामती सेवामा प्रवेश गर्नुभन्दा करिब तीस वर्षअघि आफू तत्कालीन




एपोलो म्यानपावर कम्पनीको म्यानेजर भएर बंगलादेशमा साउदी अरबको भिसा लगाउन जाँदाका अनुभव सुनाउँदै महानिर्देशक दाहालले आफू व्यवसायका मसिना विषयमा पनि जानकार रहेको बताए । उनले मन्त्रालयका काम गर्दा व्यवसायी र नेपाल वैदेशिक रोजगार व्यवसायीले उठाएको सेवा शुल्क परिमार्जनको विषयमा अध्ययन गरेको भन्दै एकमुष्टभन्दा देशगतरूपमा लाग्ने लागत, जहाज टिकटको >>> पृष्ठ २ मा

## नयाँ श्रम गन्तव्य मुलुक खोजिने

**काठमाडौं/मस–** सरकारले आगामी आर्थिक वर्षमा वैदेशिक रोजगारका लागि नयाँ श्रम गन्तव्य मुलुक खोज्ने बताएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्को दुवै सदनको संयुक्त बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै वैदेशिक रोजगारका लागि नयाँ श्रम गन्तव्य मुलुकको पहिचान गरिने बताएका हुन् । साथै सरकारले विभिन्न मुलुकसँगको श्रम सम्झौता पुनरावलोकन गरिने पनि आफ्नो नीति तथा कार्यक्रममा समेटेको छ ।

## भएकै उद्योग धरापमा

सरकारले विगतमा डुबेका उद्योग पुन: सञ्चालन गर्ने र नयाँ खोलेर रोजगारी वृद्धि गर्ने घोषणा गरेपनि भएकै उद्योग पनि धरापमा देखिन्छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ५ जेठ ।

सरकारले देशभर उद्योग कलकारखाना स्थापना गरेर रोजगारी बढाउने घोषणा गरेपनि उद्योग कलकारखाना भने एकपछि अर्को धरापमा पर्न थालेका छन् । विभिन्न उद्योग धरापमा परेको समाचार बाहिरिदैं गर्दा सरकारी लगानीमा सञ्चालिते उदयपुर सिमेन्ट पुनः जोखिमको अवस्थामा पुगेको छ ।

२०४९ सालदेखि सञ्चालनमा आएको उदयपुर सिमेन्टलाई दक्षिण एसियाकै उत्कृष्ट सिमेन्ट मानिन्छ । तीनसय भन्दा बढीले रोजगारी पाइरहेको उक्त सिमेन्ट सरकारी लापरवाहीकै कारण बन्द हुने अवस्थामा पुगेको हो । नेपाल विद्युत् प्राधिकरणले २४ करोड रुपैयाँभन्दा बढी 'डेडिकेटेड फिडर' को चार्ज लगाएर लाइन काटिदिएपछि भएको काम समेत बन्द गरेर कर्मचारी बसिरहेका छन् । तर सरकारी निकायले ध्यान पुऱ्याएर उद्योगको सुधारमा लाग्नै सकेको छैन ।

'उद्योगमा भएको मेसिन फेर्न उद्योग तथा वाणिज्य मन्त्रालयबाट बजेट पास पनि भइसकेको छ । तर रकम उपलब्ध नहुँदा उदयपुर सिमेन्ट अप्ठ्यारो अवस्थामा छ । सरकारले ५५ करोड ७५ लाख रुपैयाँ लगानी गर्नुपर्ने अवस्था छ,' उदयपुर सिमेन्टका महाप्रबन्धक गोपीकृष्ण न्यौपानेले भने । उनले निजी सार्वजनिक साझेदारी (पिपिपी) मोडलमा सञ्चालन गर्ने र त्यसलाई चाहिने कच्चा पदार्थ नयाँ उद्योगले व्यवस्थापन गर्न सक्ने अवस्था रह्यो भने मात्रै उदयपुर सिमेन्टको आर्थिक अवस्था सुधार हुनसक्ने बताएका छन् । तर, नेतृत्वको बेवास्ता गर्ने प्रवृत्तिका कारण कुनै उद्योग पनि मुलुकमा फस्टाउन नसकेको विज्ञहरु बताउँछन् ।

यता, सरकारी स्वामित्वका हेटौंडा कपडा उद्योग, बुटवल धागो कारखाना, >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
६ जेठ २०८०, शनिबार
20 May 2023, Saturday

# ठगी आरोपमा कांग्रेस नेता गुरुङ पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ जेठ

नेपाली कांग्रेसका महासमिति सदस्य कृष्ण मुरारी गुरुङ ठगी आरोपमा पक्राउ परेका छन् । प्रहरीले उनलाई करिब साढे ९ करोड रुपैयाँ ठगी गरेको आरोपमा पक्राउ गरेको हो ।

सिन्धुली गोलन्जोर गाउँपालिका वडा नं. ४ घर भएका ४३ वर्षीय गुरुङलाई विभिन्न व्यक्तिको नगद तथा सुनसहित करिब ९ करोड ६० लाख रुपैयाँ विभिन्न प्रलोभन देखाई ठगी गरेको आरोपमा पक्राउ गरिएको काठमाडौं जिल्ला प्रहरी परिसर टेकुले जनाएको छ।



परिसरले केही दिनअघि गुरुङलाई पक्राउ गरे पनि शुक्रबार मात्र घटना सार्वजनिक गरेको हो। मुद्दा परेकाले आफ्नो सम्पूर्ण सम्पत्ति रोक्का भएको भन्दै उनले पटक-पटक गरी सुरेश केसीसँग नगद ७ करोड ७५ लाख रुपैयाँ र २० तोला सुन लिएको प्रहरीको भनाइ छ। त्यस्तै २०७४ सालको असोज महिनामा देउबहादुर गुरुङसँग ३० लाख रुपैयाँ लिएको पनि प्रहरीले जनाएको छ।

त्यस्तै गाडी बिक्री गर्न २० लाख चाहिने भन्दै सरिता गुरुङसँग २० लाख रुपैयाँ लिएको पनि पीडितले उजुरीमा उल्लेख गरिएको प्रहरीले जनाएको छ। पक्राउ परेका गुरुङलाई जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको परीसरका प्रवक्ता एसपी सिताराम रिजालले जानकारी दिएका छन्।

# अस्पताल शय्याको विवरण वेबसाइटमा राख्न निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ जेठ

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले अस्पतालले दैनिकरुपमा शय्या उपलब्ध छ वा छैन भन्ने जानकारी अनिवार्यरुपमा वेबसाइटमार्फत उपलब्ध गराउन निर्देशन दिएका छन्। शुक्रबार मन्त्रालयमा पत्रकार सम्मेलनमा स्वास्थ्यमन्त्री बस्नेतले संघीय अस्पतालले सामान्य र आकस्मिक शय्यामा भर्ना भएका र रिक्त श्ययाको संख्या वेबसाइटमा दैनिकरुपमा अध्यावधिक गर्न निर्देशन दिएका हुन्।

उनले भने, 'ठूलो पदमा भएका वा पहुँच भएकाले तत्कालै सहजै शय्या पाउने तर पहुँच नभएका बिरामीले नपाउने अवस्था छ। काठमाडौंमा अस्पतालको शय्याको खोजीमा हिँड्दा हिँड्दाहिँड्दै बिरामी मृत्युसम्म हुने गरेको छ। सबै बिरामीको पहुँच र समय व्यवस्थापनका लागि अस्पतालले सात दिनभित्र अनिवार्यरुपमा श्ययामा भर्ना र रिक्त संख्याबारे



वेबसाइटमा जानकारी राख्नुपर्छ।'

अस्पतालमा भीड व्यवस्थापन र सहजीकरणका लागि संघीय अस्पतालमा बहिरङ्ग सेवामा अनलाइन टिकटको व्यवस्था १५ दिनभित्र गर्न निर्देशन दिएका छन्। मन्त्री बस्नेतले वैदेशिक भ्रमणलाई वैज्ञानिक र व्यवस्थित बनाउन निर्देशन दिए।

उनले चालु आर्थिक वर्षभित्र भ्रमण भएका कर्मचारीको नामावली, सहयोगी निकाय र भ्रमणको उपलब्धिबारे विवरण माग गरे। 'विदेश भ्रमण मन्त्रालयमा रोगकारुपमा देखिएको छ। दुर्गममा खटिएका व्यक्ति कहिले अवसर नपाउने तर विषयविज्ञका नाममा पटक-पटक विदेश भ्रमणमा जाने देखिएको छ', उनले भने।

सकेसम्म वैदेशिक भ्रमण कम गर्ने र जानैपरे औचित्य पुष्टि गरेर मात्र स्वीकृत दिने उनको भनाइ छ। मन्त्री बस्नेतले मन्त्रिस्तरीय निर्णयअनुसार गठित अस्पताल उपकरण व्यवस्थापनसम्बन्धी अनुगमन समितिको निष्कर्षका आधारमा समेत निर्देशन दिए।

दुई वर्षसम्म प्रयोग नभएका वा हुन नसकेका स्वास्थ्य सामग्री र उपकरण फिर्ता लिने र आवश्यकताअनुसार अन्य अस्पतालमा वितरण गर्न उनको निर्देशन छ।

जनशक्ति र स्थान नभएका अस्पतालका लागि उपकरण खरिद गरेकाबारे स्पष्टीकरण सोध्ने, अस्पताललाई दुई वर्षको कार्ययोजना बनाएर पेस गर्न लगाउने र सबै संघीय अस्पतालको उपकरण परीक्षण गर्न उनको निर्देशन छ।

### विश्वास...

हितको रक्षासमेत आगामी वर्षको प्राथमिकता रहेको राष्ट्रपतिले बताए।

सरकारले विभिन्न समयमा गठन भएका अनावश्यक बोर्ड तथा समितिहरू पनि खारेज गर्ने नीति लएको छ। आगामी आर्थिक वर्षको बजेटलाई धान्ने आम्दानी नपुग्ने भएपछि सरकारले खर्च कटौतीका लागि सरकारी संरचना नै घटाउन लागेको हो।

यसका साथसाथै सरकारले आगामी २ वर्षभित्र देशका सबै घरमा बिजुली पुऱ्याउने लक्ष्य लिइएको छ। हाल देशका करिब ९३ प्रतिशत जनसंख्यामा बिजुलीको पहुँच पुगेको छ

वर्षा याममा मासिक ५० युनिट र हिउँद याममा मासिक ३० युनिटसम्म विद्युत् खपत गर्ने उपभोक्तालाई निःशुल्क विद्युत् उपलब्ध गराउने योजना समेत सरकारले ल्याएको छ।

### सपनै...

'यसको जीवन छैन्, प्राण छैन्। ज्यान देखिन्छ जीवन छैन्। मुटु नभएको, आत्मा छैन्। सपनै छैन्।'

### आर्थिक...

जस्ता आर्थिक नीतिहरु आउने गर्दथ्यो यसपटक पनि त्यस्तै आएको छ।'

### डे वानदेखि...

छन् ती कुराहरु आएका छन्', आएकै कार्यक्रमलाई कार्यान्वयन गर्नु चुनौतीपूर्ण रहेको उनका भनाइ छ। कार्यान्वयन गर्न हाम्रो क्षमता बढाउनु पर्ने र इमानदार हुन पर्ने उनी बताउँछन्।

नीति तथा कार्यक्रममाथि संसदमा छलफल हुने र पारित हुने नीति तथा कार्यक्रम अनुसार सरकारले बजेट ल्याउने उनको भनाइ छ। बजेट कार्यानवयनका लागि पहिलो दिनदेखि काम गर्ने पनि उनको प्रतिवद्धता छ। 'डे वानदेखि काम गर्न थाल्न पऱ्यो। त्यो काममा हामी लाग्छौं। त्यो भने भने परिणाम आउन थाल्दछ। हामी गम्भीर भएर काम गर्छौं। पहिलो दिन देखि नै काम गर्छौं' उनले भने।

### युवासँग...

कोष तथा कार्यक्रमहरूलाई एकीकृत गरिनेछ। श्रम बजारको मागअनुसारको सीपयुक्त मानव संसाधन उत्पादनका लागि सरकारी तालिम प्रदायक संस्थाहरूलाई एकीकरण गरी राष्ट्रिय प्राविधिक तथा व्यावसायिक प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनेछ।

### समृद्धिका ...

कार्यक्रम बलियो भएर इतिहासमा दर्ज हुने, कार्यान्वयन हुन नसके बलियो भनिएका नीति तथा कार्यक्रमहरु कमजोर सावित हुने भएकाले कार्यान्वयनमा ध्यान दिन सरकारलाई पूर्व सभामुख ढुंगानाको सुझाव छ।

'नीति तथा कार्यक्रम सरकारको मात्रै होइन, हुन हुँदैन। सबै राजनीतिक दलहरु लाग्नुपर्यो। सर्वसाधारण जनता लाग्नुपरयो। सबैको एकीकृत सहयोग भयो भने प्रभावकारी हुन्छ', उनी भन्छन्।

### हाम्रो...

सत्रको सुरुमै पाठ्यपुस्तक उपलब्ध हुने सुनिश्चित गर्ने, संघीय शिक्षा ऐन संसद्को यसै अधिवेशनबाट पारित गर्ने, 'हाम्रो स्कुल, बनाऔं राम्रो स्कुल' अभियान अन्तर्गत सामुदायिक विद्यालयहरूमा स्थानीय तहबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाउने भनिएको छ।

### कर्णाली...

मृत्यु दर रोक्न कर्णाली र सुदूरपश्चिममा एयर एम्बुलेन्स सेवा विस्तार गर्ने भएको छ। पाठेघर र स्तन क्यान्सरको निःशुल्क उपचार गर्ने भनेको छ।

सरकारले महिलाको पाठेघर र स्तन क्यान्सरको निःशुल्क उपचार गरिदिने भएको छ। अटिजम रोगको निदान र उपचारको व्यवस्था मिलाइने, स्थानीय तहमा मातृ तथा नवजात शिशु एवं उपचार सेवाका लागि विशेष कार्यक्रम ल्याइने घोषणा पनि नीति तथा कार्यक्रममार्फत गरिएको छ।

सरकारले तिलगंगा आँखा अस्पतालबाट उत्पादन हुने आँखाको लेन्सलाई अन्तर्राष्ट्रिय बजारमा ब्रान्डिङ गर्ने पनि नीति लिएको छ।

### नयाँ...

भाडा आदि वर्गीकरण 'ब्रेकडाउन' गरेर अघि बढे समस्याको छिटो समाधान आउनसक्ने बताए।

आप्रवासन विभागको महानिर्देशकको जिम्मेवारीमा आउने भएपछि आधा दर्जन बढी शुभचिन्तकहरूले नकारात्मक टिप्पणी गरेको व्यवसायीलाई सुनाउँदै महानिर्देशक दहालले आफू सुधार गर्ने आत्मविश्वास र एजेण्डासहित नयाँ जिम्मेवारीमा आएको उल्लेख गरे। उनले भने, 'सबैभन्दा पहिले व्यवसायी र व्यवसायको इमेज परिवर्तन गर्नुपर्नेछ, त्यसका लागि विभाग र व्यवसायी नङ र मासु जस्तो मिलेर काम गर्नुपर्ने छ। राजस्वमा हुँदा कम्पनी र सञ्चालकको खातामा पैसा छैन, तर प्राडो, पजेरो छ यसरी सधैंभरि चल्दैन।'

वैदेशिक रोजगार ऐनमा यसअघि भएको संशोधनले एजेन्टको प्रावधान खारेजी गरिसकेको छ। तर महानिर्देशक दहालले व्यवसायीले एजेन्टको जिम्मा व्यवसायीले लिनुपर्ने र उसले लिएको रकमको टीडीएस सरकारलाई बुझाउनुपर्ने उल्लेख गरे।

त्यसैगरी महानिर्देशक दहालले सेवा शुल्क पुनरावलोकन गर्दा भिसा कमिसन बैंकिङ च्यानलबाट पठाउन पाउनुपर्छ भनेर माग राख्नुपर्ने सुझाव पनि दिए। उनले भने, 'हुण्डीबाट पठाएर हुँदैन।'

महानिर्देशक दहालले आफू व्यवसायीको कार्यालयमा अनुगमनमा नजाने, तर विभागबाट पठाएको चेकलिष्टसहितको फारम भरेर विभाग पठाउनुपर्ने र त्यसमा कैफियत फेला परे अनुगमन गर्ने बताए।

वैदेशिक रोजगारको सबै अवस्था व्यवसायीको हातमा नहुने भएकाले कानूनसम्मत काममा व्यवसायीलाई विभागको संरक्षण हुने भन्दै महानिर्देशक दहालले भने, 'परिस्थितिजन्य कारणले गलत पनि हुनसक्छ, पेन्टरकाम भनिएको हुन्छ, अटो पेन्टर हो कि हाउस पेन्टर हो व्यवसायीलाई सबै थाहा नहुन पनि सक्छ तर व्यवसायी जिम्मेवार र इमानदार हुनैपर्छ, सय डलर सेवा शुल्कको लोभमा जे पायो त्यही गर्न पाइँदैन।'

यस्तै विभागका निर्देशक गुरूदत्त सुवेदीले पनि व्यवसायीको ठूलो योगदान भएपनि समाजमा सद्भाव नभएको भन्दै त्यसलाई ध्यानमा राखेर काम गरिने बताए। उनले वैदेशिक रोजगाको नाममा रकम उठाउन सजिलो भएकाले उजुरी बढेको भन्दै छानबिन पछिमात्रै उजुरी लिइने र संघ तथा सञ्चारकर्मी सबैको समन्वयमा अनुगमन गरिने भएकोले तलमाथि नहुनेमा आश्वस्त हुन आग्रह गरे।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले कामदारको हित हुने र सकेसम्म छिटो उजुरीको समाधान मेलमिलापको माध्यमबाट गर्न संघले पहल गरेको जानकारी दिँदै वैदेशिक रोजगारलाई गुणस्तरीय बनाउन उच्चस्तरको प्रयास भइरहेको बताए। वैदेशिक रोजगारको लागत चर्का हुँदै गएको तर शून्य लागत भनेर कार्यान्वयन हुन नसक्ने विषयमा अडिरहन नहुने मान्यतामा सेवा शुल्कमा समयसापेक्ष परिमार्जन हुनुपर्ने संघको धारणा रहेको बताए। सेवा शुल्कमा परिमार्जन गर्ने विषयमा सरकार, विभाग, गैरसरकारी संस्था, सञ्चार क्षेत्रको एक रूपको दृष्टिकोण बन्नु आवश्यक रहेको उल्लेख गरे।

कार्यक्रम सञ्चालन गरेका महासचिव मेघनाथ भुर्तेलले संख्या सय समाधान, सेवा शुल्क परिमार्जन र मागपत्र प्रमाणीकरण जस्ता विषय तत्काल समाधान हुनुपर्ने बताए।

### भएकै...

गोरखकाली रबर उद्योग, ओरियन्टल म्याग्नेसाइट, वीरगन्ज चिनी कारखाना, जनकपुर चुरोट कारखाना तथा विराटनगर जुटमिल बन्द छन्।

'सम्बद्ध क्षेत्रको अनुभवी, विज्ञ, इमान भएको हो/होइन हेरिंदैन। केवल 'आफ्ना मान्छे' हेरिन्छ। त्यही भएर अधिकांश सरकारी कलकारखाना/उद्यम रुग्ण छ। हेटौंडा र उदयपुर सिमेन्ट उद्योग धराशायी हुँदैछ' अर्थविद् गोविन्द नेपालले भने। उनले हरेक उद्योगलाई अत्यधिक दलीयकरण र राजनीतिक भर्तीको केन्द्र बनाइँदा एकैखाले नियति भोग्न परेको बताएका हुन्। हुनपनि, बाँसबारी छाला जुत्ता कारखाना, हेटौंडा कागज कारखाना, बुटवल धागो कारखाना, हरिसिद्धी इँटा उद्योग, हिमाल सिमेन्ट लगायतका ठूला उद्योगहरूले यस्तै नियति भोगेपछि निजीकरण गरेर सरकारी उद्योग नै गायब भएका थिए। सरकारी मात्रै होईन, निजीलाई समेत उद्योगको सहज वातावरण नबनाइदिदाँ असहज भएको गुनासो व्यवसायीले गर्दै आएका छन्। यता, सरकारले रुग्ण व्यवसाय निजी क्षेत्रलाई लिजमा दिएर उद्योग पुन सञ्चालनको तयारी गरिएतापनि सो विषय कार्यान्वयनमा नआउँदा रोजगारीको अवशर सिर्जना गर्ने सरकारको सपना भाषणमै सीमित भएको छ।

# अर्घाखाँचीकी पहिलो महिला सीडीओ अर्यालको बिदाइ



**अर्घाखाँची/मस–** अर्घखाँचीकी पहिलो महिला प्रमुख जिल्ला अधिकारी (सीडीओ) मिना अर्याललाई बिदाइ गरिएको छ। गृह मन्त्रालयको जेठ २ गतेको निर्णयबाट अध्यागमन कार्यालय गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल भैरहवामा सरुवा भएकी प्रमुख जिल्ला अधिकारी अर्याललाई आधिकारिक ट्रेड युनियनलगायत अन्य ट्रेड युनियनहरुले संयुक्तरुपमा बिदाइ गरेका हुन्। ४ महिनाअघि मात्र अर्घाखाँचीमा पहिलो महिला प्रमुख जिल्ला अधिकारीको रुपमा उनले कार्यभार सम्हालेकी थिइन्।

प्रमुख जिल्ला अधिकारी अर्यालको ४ महिले कार्यकाल सफल रहेको उक्त कार्यक्रममा सहभागी विभिन्न ट्रेड युनियनका अध्यक्ष तथा पदाधिकारीहरुले बताए। अर्यालले जिल्लामा ट्रेड युनियनले सञ्चालन गरेको सेवाग्राहीको अभिवादन कार्यक्रमलाई कार्यालय प्रमुखको बैठकबाट निर्णय गराई लागू गराएकी थिइन्।

बिदाइ कार्यक्रममा अर्यालले यस जिल्लामा रहँदा सबैबाट साथ र सहयोग पाएका कारण ४ महिले कार्यकाल सुखद रहेको भन्दै सहयोग गर्ने सम्पूर्ण जिल्लावासीमा धन्यवाद तथा आभार व्यक्त गरेकी थिइन्। साथै यसरी सकरात्मक र रचनात्मक क्रियाकलाप गर्नेका लागि सधैं अग्रसर रहन अर्घाखाँचीका सबै ट्रेड युनियनहरुलाई उनले शुभकामना दिइन्।

कार्यक्रममा नेपाल निजामती कर्मचारी युनियनका जिल्ला अध्यक्ष माधव अर्याल, संगठनका गणेश प्रसाद भण्डारी, राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष पूर्णप्रसाद पराजुली, संगठनका जिल्ला सचिव माधव भुसाल, अस्थायी तथा ज्यालादारी कर्मचारी संघ लुम्बिनी प्रदेशका उपाध्यक्ष सुदिप जि.सी.लगायत ट्रेड युनियनका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।

साथै निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन अर्घाखाँचीले यस जिल्लाबाट आन्तरिक राजस्व कार्यालय बुटवलमा सरुवा भएका कर अधिकृत कमल सुवेदी, भैरहवा लुम्बिनी भूमीगत जलसिंचाई व्यवस्थापन कार्यालयमा सरुवा भएका क.अ. जगदिश्वर पाण्डेको बिदाइ तथा जिल्ला हुलाक कार्यालयमा लोकसेवाबाट नयाँ सिफारिस भई आएका खरिदार कृष्णप्रसाद ज्ञवालीको स्वागत गरेको थियो।

कार्यक्रम निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनका जिल्ला अध्यक्ष कृष्ण वर्माको अध्यक्षता, प्रमुख जिल्ला अधिकारी मिना अर्यालको प्रमुख आतिथ्यता र सिबिएका सहसचिव नारायण दमासेको सञ्चालनमा सम्पन्न भएको थियो।

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**
**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०२/०६**

श्री पिपलपानी सामुदायिक वन उपभोक्ता समुह, लेकवेशी-०८ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ४३ को ७०३.२३ क्यु.फि. काठ र विभिन्न जातको ३ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ।

**श्री पिपलपानी सामुदायिक वन उपभोक्ता समुह,**
**लेकवेशी- ०८, सुर्खेत**

**अनुसूची–१५**
**(दफा ३३ को उप–दफा (२) सँग सम्बन्धित)**
**काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रीको सूचना**
**प्रथम पटक सूचना प्रकाशन मिति २०८०/०२/०६**

श्री बेलघारी सामुदायिक वन उपभोक्ता समुह, लेकवेशी-०८ सुर्खेतको सामुदायिक वनबाट आ.व. ०७९/०८० मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ६५ को ६८३.८१ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१(एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाँटीमा टाँस गरिएको छ।

**श्री बेलघारी सामुदायिक वन उपभोक्ता समुह,**
**लेकवेशी-०८, सुर्खेत**

# महिला सशक्तिकरणका लागि उद्घोषण तालिम



**काठमाडौं/मस–** साहित्य, संस्कृति र महिला सशक्तिकरणको लागि काम गर्दै आएको सखी प्रतिष्ठानले काठमाडौं महानगरपालिका वडा ९ सँगको सहकार्यमा आयोजना गरेको 'तीन दिने उद्घोषण प्रशिक्षण' कार्यक्रम सम्पन्न गरेको छ।

पन्चकुमारी समाजको सभाकक्ष कालीमाटी डोल सिनामंगल काठमाडौंमा आयोजना गरिएको कार्यक्रममा

३४ जना महिलाहरु सहभागी रहेका थिए।

प्रशिक्षण कार्यक्रममा सहभागीहरुलाई प्रतिष्ठानका प्रमुख संरक्षक राधेश्याम लेकाली र गुन्जनकी निवर्तमान अध्यक्ष हिरण्यकुमारी पाठकले प्रमाणपत्र प्रदान गरेका थिए।

सो कार्यक्रममा उत्कृष्ट प्रशिक्षार्थीहरु सरस्वती आचार्य (प्रथम), सविना अर्याल (दोस्रो) गंगा लामिछाने (तेस्रो), लक्ष्मी गोतामे तथा गंगा लामिछाने अधिकारी (चौथो ) र विशेष सहभागी प्रशिक्षार्थी सम्मान सुमित्रा अधिकारीलाई प्रदान गरिएको थियो।

सखी प्रतिष्ठानकी अध्यक्ष मन्जिला अनिलको अध्यक्षतामा आयोजित सो प्रशिक्षण कार्यक्रमको समापन कार्यक्रममा प्रशिक्षक पत्रकार नम्रता शर्मा र पन्चकुमारी बचत तथा ऋण सहकारी लिमिटेडकी अध्यक्ष गीता अधिकारीलाई विशेष सम्मान गरिएको थियो।

कार्यक्रमको प्रमुख अतिथि काठमाडौं महानगरपालिका वडा ९ की सदस्य सिर्जना भेटवालले सहभागी प्रशिक्षार्थीहरुलाई बधाई ज्ञापन गर्दै यस्तो प्रशिक्षणले महिलाहरुमा बोल्ने क्षमताको अभिवृद्धि हुने, आत्मविश्वास बढ्ने र विभिन्न अवसरहरु प्राप्त हुने बताउँदै आयोजक सखी प्रतिष्ठानलाई धन्यवाद ज्ञापन गरिन्।

यसैगरी कार्यक्रममा अध्यक्ष मन्जिला अनिल, प्रमुख सल्लाहकार राधेश्याम लेकाली लगायतले आ-आफ्नो मन्तव्य राखेका थिए।

सखी प्रतिष्ठानकी उपाध्यक्ष कमला रिसालले संचालन गरेको सो कार्यक्रमको प्रशिक्षक पत्रकार नम्रता शर्मा र नियात्राकार डा. दामोदर पुडासैनी रहेका थिए। सो कार्यक्रममा सैद्धान्तिक र व्यवहारिक प्रशिक्षण गराइएको थियो।

कार्यक्रममा अतिथिहरु सामाजिक अभियन्ता माला खरेल, स्मृति अधिकारीसहित सखी प्रतिष्ठानकी सचिव रुपाली पौडेल, कोषाध्यक्ष नीशा रिमाल, सदस्यहरु मनिला वन्त, उषा के. सी.को उपस्थिति रहेको थियो।

**कतारमा रोजगार**
कम्पनी: **PRATIQ INTERNATIONAL WLL**
शहर: **Doha**
पूर्व स्वीकृत मितिः २०८०/०२/०५ | चलानी नं.: ६०२०१७१२ | LT. No.: 286334

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 1 | 0 | | 1200 | ४३,४४० | | | | | | | |
| 3. | Plaster Worker | 3 | 0 | | 1200 | ३६,२०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० जेठ १७ गते (31 May 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Swift
श्रम ईजाजत नं. १५६६/०७९/०८०
P.T.SWIFT HR MANAGEMENT PVT. LTD
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Landline No.: 01-5915721, Email: ptswifthr11@gmail.com
Contact No.: 9823668160 | 9851180471

**युएईमा रोजगार**
कम्पनी: **HIRMAS REAL ESTATE LLC**
शहर : **UAE**
पूर्व स्वीकृत मितिः २०८०/०२/०५ | चलानी नं.: ६०२०१७०८ | LT. No.:286342

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 81 | 10 | स. काममा दक्ष | 800 | २८,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेठ १३ गते (27 May 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदाले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदाले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदाले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
Gov. lic. No. 793/065/66
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ५९१६७१३, ५९१६७१४, मो.: 9818394474, 9801117416
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Chitwan branch: 056598203 | Jhapa Branch: 023590316 | Mobile: 9807978130

# भेरी नदीमा बहाव बढेपछि डोल्पा–जाजरकोट सडकखण्ड अवरुद्ध

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, ५ जेठ

भेरी नदीमा बहाव बढेपछि डोल्पा-जाजरकोट सडकखण्ड अवरुद्ध भएको छ। जाजरकोटको तल्लुबगर र रुकुम पश्चिमको छेरा बगरस्थित भेरी नदीमा बहाव बढेपछि सडक अवरुद्ध भएको हो।

डोल्पा-जाजरकोट सडकखण्ड जोड्नका लागि भेरी नदीमा राखिएको होमपाइप बहाव बढेपछि पुरिँदै गएका कारण सडकखण्ड अवरुद्ध भएको जिल्ला प्रशासन कार्यालय डोल्पाले जनाएको छ। नदीमा पुल नहुँदा होमपाइप राखेर डोल्पा-जाजरकोट सडकखण्ड सिधा जोडिएको थियो।




सडकखण्ड अवरुद्ध भएसँगै नेपालगञ्ज, सुर्खेत, बुटवल, दाङलगायतका बाहिरी जिल्लाबाट डोल्पा आउने मालबाहक ट्रकसमेत तल्लुबगरमै रोकिने भएका छन्। जसका कारण डोल्पामा आवश्यक पर्ने खाद्यान्नलगायतका सामग्रीको अभाव हुने र महँगी बढ्ने देखिएको छ।

**बस सेवा प्रभावित**

यस्तै केही दिन अघिमात्रै सञ्चालनमा ल्याइएको डोल्पा-नेपालगञ्ज सिधा बस सेवा समेत सडकखण्ड अवरुद्ध हुँदा प्रभावित हुने भएको छ। अब डोल्पा-नेपालगञ्ज यात्रुबाहक बस, मालबाहक ट्रकसहितका सवारीसाधन डोल्पासम्म सिधा पुग्ने छैनन्। अब डोल्पादेखि बस चढेर रुकुम पश्चिमको छेरा बगरसम्म मात्रै यात्रा गर्न सकिने छ भने नेपालगञ्जदेखि डोल्पा आउने यात्रुहरुले जाजरकोटको तल्लु बगरसम्म मात्रै यात्रा गर्न सक्ने छन्।

सडक अवरुद्ध भएसँगै अब तल्लुबगरमा सामान पल्टी गरेर छेरा बगरदेखि डोल्पासम्म सामानसहित यात्रु पुऱ्याइने बताइएको छ। पक्की पुल नहुँदा सधैं सास्ती खेपिरहेका डोल्पावासी यात्राका लागि अस्थायीरुपमा नदीमा राखिएको होमपाइप पनि पुरिएपछि थप समस्यामा परेका छन्।

# मनाइयो बटसावित्री पर्व



**मनु यादव निरज/मध्यान्ह**
काठमाडौं, ५ जेठ

काठमाडौं उपत्यकालगायत तराई मधेशमा शुक्रबार विवाहित महिलाहरुले बटसावित्री अर्थात् बरसाइत पर्व मनाएका छन्। श्रीमानका लागि सुख-समृद्धि र दीर्घायुको कामना गर्दै शुक्रबार बरसाइत (बटसावित्री) पर्व मनाइएको हो।

पर्वको अवसरमा बिहानैदेखि बरको रुख भएका ठाउँमा पूजा गर्न महिलाहरुको भीड लागेको थियो। व्रतालु महिलाहरूले बिहानैदेखि उपवास बसेर स्थान गरी चोखिएर नयाँ लुगा अर्थात विवाहमा लगाएका लुगा गरगहना लगाई पुजाको थालीमा आँप केरा, हाते पंङ्खा, मिठाई, चना, काँक्रो, बाँसको डाला, छिटा, पान, सुपारी, पहेलों धागोलगायतका पूजा सामग्री वरको बोटमा चढाई सावित्री, नागनागिनी र पार्वतीलाई प्रसाद चढाउने प्रचलन चलि आएको छ।

बटसावित्री पर्वलाई नारीत्व रक्षा, सन्तान प्राप्तिमा सहयोग गर्ने पर्वको रुपमा लिइने गरिन्छ। मिथिला संस्कृतिमा यो पर्व आदर्श नारीत्वको प्रतिक बनेको छ। यो पर्व मिथिलाञ्चलमा प्रत्येक वर्ष जेठ महिनाको औंसी तिथिमा मनाइने गरिन्छ।

हिन्दु धर्ममा पिपलको बोट जस्तै वरको बोटको पनि उत्तिकै महत्व रहेको छ। वरको बोटमा भगवान ब्रह्मा, विष्णु र महेश्वरको वास हुने र यस वृक्षमुनि बसेर पूजा, व्रत कथा आदि सुन्दा मनोकामना पूर्ण हुने जनविश्वास रहेको छ।

# बरगजबा–हुसेनी सडक कालोपत्रे गरिँदै

**प्रेमचन्द्र झा /मध्यान्ह**
रौतहट, ५ जेठ

सडक डिभिजन चन्द्रनिगाहपुरले बनाउन लागेको बरगजबा-हुसेनी चोक सडकको शिलान्यास गरिएको छ। रौतहट ४ का संघीय सांसद देवप्रसाद तिमल्सिनाले सडकको शिलान्यास गरेका हुन्। संसदीय निर्वाचन क्षेत्र नम्बर ४ को बृन्दावन नगरपालिकाको हुसेनी चोकदेखि अकरपाथर हुँदै बरगजवा जाने मुख्य सडक १० करोडको लागतमा कालोपत्रे हुन लागेको हो।

करिव ३ किलो मिटर लामो सडक अक्सफाल्ट प्रविधिमा कालोपत्रे गरिने डिभिजन प्रमुख दरोगा साहले बताए। ७ मिटर चौडाई हुने सडकको निर्माण कार्य यहि असार मसान्तसम्ममा सम्पन्न हुने डिभिजन प्रमुख साहले बताए।

शिलान्यास कार्यक्रममा नेपाली कांग्रेस क्षेत्र नम्बर ४ क्षेत्रीय सभापति तथा बृन्दाबन नगरपालिकाका पूर्व नगर प्रमुख रामस्नेही राय यादव, वडा अध्यक्षसहितका जनप्रतिनिधि स्थानीयवासीको उपस्थिति रहेको थियो। सो सडक कालोपत्रे निर्माणको जिम्मा आश्रय निर्माण सेवाले पाएको छ।

# भ्यानले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ५ जेठ

सिरहाको धनगढी बजारमा म्याजिक भ्यानले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। दुर्घटनामा परी स्थानीय दीपक थापाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

बिहीबार राति धनगढी बजारदेखि जीरोमाईस्थित पूर्व पश्चिम राजमार्गमा ना १ ज ३८२३ नम्बरको म्याजिक भ्यानले प्र २ - ०१००१ प ३०२९ नं. को मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक करिब ४० वर्षीय थापाको मृत्यु भएको हो।

दुर्घटनामा मोटरसाइकलमा सवार करिब २५ वर्षीय मंकी भन्ने सञ्जय शाह घाइते भएका छन्। घाइते शाहको विराटनगरमा उपचार जारी रहेको प्रहरीले बताएको छ। धनगढी १० का बासिन्दा थापाको शव राति नै पोष्टमार्टमका लागि लाहान अस्पताल पुऱ्याइएको थियो। ठक्कर दिने म्याजिक भ्यानसहित मोटरसाइकल प्रहरीले नियन्त्रणमा लिएको छ भने भ्यानका चालक फरार रहेको प्रहरीले जनाएको छ। दुर्घटनाबारे थप अनुसन्धान भइरहेको र फरार भ्यानका चालकको खोजी जारी रहेको प्रहरीले बताएको छ।

## डाक्नेश्वरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश, नेपाल

**डाक्नेश्वरी नगरपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अगाडि अनिवार्य रूपमा नगरपालिकाबाट नक्सा पास गरौं।
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी गराउने सम्बन्धमा कुनै सम्झौता नगरौं।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं। कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ। आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो। तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो। तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं। तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।

## Kanakasundari Rural Municipality
## Office of The Rural Municipality Executive
**Birat, Jumla**

**INVITATION FOR RE- BIDS (IFB)**

**Notice No:8/079/80**
**Second date of publication: - 19th May 2023 (2080/02/05)**

1. Kanakasundari Rural Municipality invites electronic bids from eligible bidders for the Construction of the works under National Competitive Bidding - procedures,mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Estimated Amount (without VAT) | Bid Validity/Bid Bond Validity Period | Average Annual Construction Turnover Amount (NRs.) | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/KSRM/ WORKS/08/ 079/80 | Construction of Bailey Bridge over Hima River at Kanakasundari-08, Jumla | - | 90 days/120 days from the date of Bid opening. | 3,40,00,000.00 | 6,80,000.00 | 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe office of Kanakasundari Municipality Jumla (telephone: 9857826816) during office hours or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## Pipara Rural Municipality
## Office of the Rural Municipal Executive
**Pipara, Mahottari**

**INVITATION FOR ONLINE RE-BID**

**1st Date of publication: - 2079/10/20 B.S. (03th Feb 2023 AD)**
**2nd Date of publication: - 2080/02/05 B.S. (19th May 2023 AD)**

1. Pipra Rural Municipality invites following electronic bids from eligible national bidders under national competitive bidding.
2. The details of the project is as following.

| Contract ID | Description of works | Bid Submission | Bid security Amount (NRS) | Bid document Fee (NRS) | Bid Validity/ Bid Bond validity | Last date of bid Document | Last date of bid Submission | Bid opening Date and place |
|---|---|---|---|---|---|---|---|---|
| NCB/WORKS /079/80-01 | Bholhi Pond, Market Building & Durga Temple Beautification At Pipara Chowk In Pipara Rural | E-Bid Only | 34,00,000.00 | 10,000.00 | period days after last date of bid submission | Purchase 2023, 12:00 PM | 2023, 01:00 PM | 2023, 02:00 PM |

3. Eligible Bidders may contact Pipra Rural Municipality and obtain further information from PPMO's Website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## कथा

# महाशा



■ धनराज गिरी



> प्राकृतिकरूपमा कुरा गर्ने हो भने प्राणीको जीवनमा एउटा उमेरमा 'सेक्स' अव्यक्त आवश्यकता हो । हर्मोनहरुको कमाल हो । फूलहरु फुलेपछि भमराहरु नआउने कुरै भएन । मनको कुनै नियम हुन्न । आगो र नौनी नजिक भएपछि कुरा उही हो । ढोङ्ग, पाखण्ड र आडम्बरलाई तिलाञ्जली दिएमा 'महाशा' सबैको उही हो । अभ्यास कस्तो गरिन्छ ? कस्तो संस्कारबाट आएको हो ? मनले के भन्छ ? दोहोरै चाहना हुन्छ कि हुन्न ! कुरा यति हो ।

"सालेले इमान्दारीपूर्वक बेइमानी गऱ्यो ।" अचानक आवेशमा आएर बोली जुली । नाम हो 'पृथा पराजुली' तर सहेलीहरूले उसलाई 'जुली' बनाए, ठूली भएपछि ।

यतिखेर यी अदत्ता परीहरू साथमा सौराहा घुम्न आएका छन्, नयाँ साल मनाउन । जूलीको साथमा सायमा, साहिरा, नताशा र पैरवी छन् । पञ्चकन्याहरुको बीचमा राम्रो मेल छ । सबै प्रगतिनगरमा बस्छन्, जन्म घर पाँच जिल्ला । एम.ए.मा पढ्छन् । "के भयो जुली ? किन आज अचानक हाम्री चन्द्रमुखी, ज्वालामुखी बनेकी ? कता कुन आशिकले धोका दियो ? बेइमानी पनि इमानदारीपूर्वक, वाह कस्तो फिल्मी डायलग, कादर खान शैलीमा, के भयो पगुली ?" सायमाले रहस्यको पर्दा उघार्न खोजिन् ।

"एउटा ठेकेदार, मालदार र सुदर्शन देखेर फेसबुकमा प्रेमवाण चलाएकी थिएँ । केही दिन त बडो रोमान्टिक बन्यो । अनेक सपना देखायो । मोबाइलमा रु. ५०० सम्म ब्यालेन्स पनि पठायो । आखिर यो दुनियाँ बजारै हो, ज्यान जाने होइन । के फरक पर्छ र ? म मात्र 'सकम्बरी र फूलमाया' होइन । मैले पनि मन दिएँ । आशा जाग्यो । सपनामा उही ठेकेदारकै गाडीमा कता-कता घुम्न गएको, लजमा अनेक लीला गरेको सपना देख्न थालेँ । प्रकाश सपुतकै पात्र बन्न मन लाग्यो । एक दिन त लामो मेसेज पठाएछ सालेले, हुतिहारा, नामर्द, पानी मरुवा, धोकेबाज कुत्ता, कुमारी केटीको भावनासित खेल्ने । पाप लाग्छ त्यसलाई । आशा मात्र हो र, 'महाशा' देखाएर अलप ! अमेरिका उडेछ स्साला !"

नताशा बोली, "उसले लेख्यो होला, "नानी, तिमी सानी छ्यौ । जीवन लामो छ । फूलमाया नबन । मैले त परीक्षा मात्र लिएको हुँ । मलाई 'के एल सहेगल' बन्नु छैन । यस्तै यस्तै... होइन त हाम्री, राम्री मधुबाला ?"

"अरे यार, ठ्याक्कै यही हो । अरू त अरू यो 'के एल सहेगल' भनेको चाहिँ के हो ? मलाई पनि लेखेको थियो । तैँले कसरी थाहा पाइस् नताशा ?" जुली, अचम्म मान्दै सोध्छे ।

"त्यो ठेकेदारको नाम शिशुपाल बकमफुसे होइन ? घर हो 'ओटाङ' ।"

"हो त यार, शिशुपाल नै हो, जसलाई पनि बकमफुसे भन्थ्यो ।" जूलीको स्पष्टीकरण ।

"पोहोर मैले उसलाई खेलाएकी, फसेन" नताशाको खुलाशा ।

"यो 'के एल सहेगल' भनेको के रहेछ ?" सायमाको जिज्ञासा ।

"उही ठेकेदारले एक दिन खुलायो । पैसा धेरै कमाएपछि 'लगौंटी' खुकुलो हुने पुरुष पात्रहरु 'के एल सहेगल' हुन्छन् अरे । अर्थोष्माको राप र तापले मन अति चञ्चल हुने र दौलतपुरबाट लुसुक्क रूपबजारतिर लाग्ने । नतिजा 'के एल सहेगल' अथात् 'कृष्ण लामिछाने, सहज अर्याल, हेमन्त अधिकारी, गदरनाथ उप्रेती, लवप्रसाद लौंडारी' यी पाँच पाण्डवले जे नियति भोगे, त्यो लम्पटपथमा लाग्नेको अन्तिम नतिजा त्यही हुन्छ अरे" नताशा बोली ।

"अझ पनि अमूर्त नै भयो । भन्न खोजेको के हो ? गायक कुन्दन लाल सहेगल त किशोर कुमारको आदर्श हुन्, यता त्यति पवित्र नामलाई बदनाम गरेको हो ! स्पष्ट बनाऊ काली" सायमा अघि सरी ।

"साथी हो, जब पुरुषले आत्महत्या गर्दछ नि, त्यसको पछाडिको एक मात्र कारण उही अपवादलाई छोडेर । अर्थशास्त्रमा बलियो भएपछि कोक शास्त्रले तान्छ । बेइमानीको कारोबारमा इमानदारी र व्यवस्थापन अझ बढी चाहिन्छ । 'प्रेम' एक अपरिहार्य अभिशाप हो, ताल नमिलेमा । प्रेम हुन्छ, गरिन्न । तर 'वर्जित फल' पनि हो प्रेम । समाजको आफ्नै मयार्दा र कानून हुन्छ । पति पत्नी इतर प्रेमले जिन्दगी तितरबितर बनाउने हुन्छ । कुन्तीको रहरले उनलाई जीवनभरि जहर दियो । आखिर कर्ण पनि त अभिशप्त जीवन जिउन विवश भयो । काल्पनिक हो महाभारत, तर मानवीय प्रकृति पनि त त्यही हो ।"

"आम्मै, ठेकेदार धेरै चलाख रहेछ । अमूर्त मज्जा लियो । आखिर गफानन्द पनि त प्राप्ति नै हो । 'रुहानी इश्क' यही हो, 'जिस्मानी मोहबत' क्षणिक हो । तर साथी हो, मलाई भने मेरो प्राचार्यले ससम्मान बलात्कार गऱ्यो, महाशा देखाएर ।" सायमा बोली, आँखा रसिला बनाएर ।

"फेरि अर्को 'फ्रेज' आयो, 'ससम्मान बलत्कार !' यो भनेको के हो ? आखिर बलत्कार त बलत्कार हो, यसमा पनि कसरी सम्मान हुन्छ ?" यतिखेर पैरवी बोली ।

"अहिले पढाइरहेको प्राइबेट स्कूलमा म प्राइमरी तहमा थिएँ । रमाएकै थिएँ । प्राचार्य दुर्योधन प्रधान सरल, सज्जन र कर्मयोगी नै लागे । माया गरे । अभिवावक दिवसमा सम्मान गरे । मेरो अंग्रेजी राम्रो मानेर ९ र १० मा कक्षा दिए । बोडर्सलाई गाइड गर्न भनी थप सुविधा दिएर होस्टलमा नै बस्न भने । माने । तलब पनि बढ्यो । खाना र डेरा भाडा पनि जोगियो । 'देवता' मान्यो मनले । एक दिन, शनिबार । स्कूलमा हामी दुई जना मात्र । कोकाकोला मगाए । म बाथरुम गएकी थिएँ । फर्किएर आउँदा बोतल खुल्ला थियो । ढुक्कसित पिएँ । त्यसपछि ... होशमा आउँदा उनी थिएनन् । म अविवाहिता, कुमारी गरीबकी छोरी । के गर्ने ? कसलाई भन्ने ? आफ्नै पनि त इज्जत जान्छ । विवश भएर मौन । अनि यो 'ससम्मान बलत्कार' होइन त ?"

"हैट, साला प्राचार्यहरू पनि यस्ता पापी ! सरस्वतीको मन्दिरमा राश लीला !" नताशा ताती ।

साहिरा बोली, "साथी हो, पुरुष मात्र दोषी हुन्न् । एउटा थप कहानी, श्रीमान विदेश, बच्चाहरु दुई, पढाउन शहरमा डेरा । एउटी प्यासी नदीले प्राचार्यलाई घरमा बोलाई । पहिला, चिया अनि खाना । सोफामा सँगै बसेर गफ, सोफाबाट शुरु भएको स्पर्शयात्रा बेडरुमसम्म । यसमा पुरुष दोषी हो ?"

"प्राकृतिकरूपमा कुरा गर्ने हो भने प्राणीको जीवनमा एउटा उमेरमा 'सेक्स' अव्यक्त आवश्यकता हो । हर्मोनहरुको कमाल हो । फूलहरु फुलेपछि भमराहरु नआउने कुरै भएन । मनको कुनै नियम हुन्न । आगो र नौनी नजीक भएपछि कुरा उही हो । ढोङ्ग, पाखण्ड र आडम्बरलाई तिलाञ्जली दिएमा 'महाशा' सबैको उही हो । अभ्यास कस्तो गरिन्छ ? कस्तो संस्कारबाट आएको हो ? मनले के भन्छ ? दोहोरै चाहना हुन्छ कि हुन्न ! कुरा यत्ति हो । हामी नारीहरुको इसारा नभएसम्म पुरुषको दाल गल्दैन । अपराधीहरु अपवाद हुन् ।" नताशा बोलिन् ।

"के एल सहेगल बन्न दिन हुन्छ ? हुन्न । पुरुष त हामीलाई पनि चाहिन्छ हौ । महाशाको चक्रव्यूह तोड्नुपर्छ । ढोंगी हुन छोड्नुपर्छ", जजुली, अन्तमा !

## कविता

### सरकार चलाउने पनि कम्युनिष्ट



बलराम तिमिल्सिना

सरकार चलाउने पनि कम्युनिष्ट
सरकार ढलाउने पनि कम्युनिष्ट
प्रतिपक्ष हाँक्ने पनि कम्युनिष्ट
सडकहरू ढाक्ने पनि कम्युनिष्ट
घ्याम्पे भुँडी भर्ने पनि कम्युनिष्ट
भोकभोकै मर्ने पनि कम्युनिष्ट
घुषमा ऱ्याल झार्ने पनि कम्युनिष्ट
हाँस्ने आशा मार्ने पनि कम्युनिष्ट
खाडीमा ज्यान भुट्ने पनि कम्युनिष्ट
मजदूरलाई कुट्ने पनि कम्युनिष्ट
झ्यालखानामा पर्ने पनि कम्युनिष्ट
थुन्न सही गर्ने पनि कम्युनिष्ट
लम्पसार पर्ने पनि कम्युनिष्ट
तिनलाई छिः छिः गर्ने पनि कम्युनिष्ट
विस्तारवादका नोकर पनि कम्युनिष्ट
एक नमबरी जोकर पनि कम्युनिष्ट !
यसो हेर्दा जतातत्तै कम्युनिष्ट
खोज्न थाले कताकतै कम्युनिष्ट !

## पाँच मुक्तक



लक्ष्मी स्मृति

१
केवल शब्दहरु थोपरेर तारा झार्ने भए
आशै आशमा सारा जीवन त्यसै टार्ने भए
वल्लो घाट न पल्लो तीर भए यता जनता
उता नेताले देश चुस्दै खत्तम पार्ने भए ॥

२
दाउ पऱ्यो कि पेल्नेसँग के कुरा गर्नु
खाडल तिर ठेल्नेसँग के कुरा गर्नु
बोली हुन्छ एकातिर काम अर्कोतिर,
भावनासँग खेल्नेसँग के कुरा गर्नु ?

३
तिमीसँगै बाँच्छु र तिमीसँगै मर्छु भनेर
तिम्रा सारा रहर, सपना म भर्छु भनेर
नाम जप्दै अचेत भाछ बौरिन्छ कि ऊ
एउटा झुट बोलिदेऊ न मायाँ गर्छु भनेर ॥

४
लागिरहन्छ साह्रै नै बिरह सुन्ने कोही छैनन्
पोखुँ भने पनि मनको बह सुन्ने कोही छैनन्
विकटता छ, घरबार छैन, भोग्नु पर्छ सास्ती
जतिसुकै हुन् सरकारी तह सुन्ने कोही छैनन् ॥

५
जहिल्यै अर्कैको पछि लागेर रमाई कसरी जीवन चल्छ
तास, जुवाको खालमा अड्डा जमाई कसरी जीवन चल्छ
ताल यस्तै रहिरहे बाबुको धनले दुई, चार बर्ष त थेग्ला,
त्यसपछि हुँदैन कुनै पनि कमाई कसरी जीवन चल्छ ।

## समीक्षा

# 'संकलित गद्यरचना': इतिहासको दस्तावेज

■ श्याम रिमाल




नेपाली साहित्य क्षेत्रमा बेग्लै खालको कवि, कथाकार, उपन्यासकार, निबन्धकार र समीक्षक बन्न सफल हरि अधिकारी भाषामा खँदिलोपन दिन खप्पिस छन् । चलनचल्तीमा खासै प्रयोगमा नआएका शब्द वा पदावली प्रयोग गरेर पाठकलाई शिक्षित तुल्याउने साहित्यकारका रूपमा पनि उनी चिनिन्छन् । अखबारी लेखनमा पनि सक्रिय पत्रकार अधिकारीको सामर्थ्य पत्रिकाहरूका पाठकले अनुभव गरेकै हुनुपर्छ । साहित्यबाटै पत्रकारितामा हाम्फालेका उनको पत्रकार व्यक्तित्वलाई साहित्यकार व्यक्तित्वले ओझेलमा पारेको पनि छैन । समीक्षक अधिकारीको समालोचकीय कलमले धेरै साहित्यकारलाई थला नै पारिदिएको छ । नेपाल सरकारका पूर्वकर्मचारी अधिकारीभित्रको यस्तो प्राज्ञिक व्यक्तित्वले आठ साहित्यिक कृति जन्माइसकेको छ र हरेक कृतिले साहित्यकार, पाठक र समालोचकहरूलाई केही न केही तरंग दिएको छ ।

मान्छेका सुखदुःखलाई विषय बनाइएको 'रामलालको आकाश', कथासंग्रह (आरोहण प्रकाशन, भक्तपुर २०३९), समाजमा चलिरहेको बेथितिलाई प्रहार गर्नाका साथै हिमालपारि, तराईको उब्जनीय फाँट तथा समकालीन मानवीय जीवनका सजीव चित्रणयुक्त १५ कथा समेटिएको 'प्रतिनायक', कथासंग्रह (शिखा बुक्स काठमाडौं, २०७३), नेपाली कांग्रेसका नेता तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको जीवनी समेटिएको 'एक्लो नायक' उपन्यास (अनुष्का प्रकाशन काठमाडौं, वि.सं. २०७२) तथा कविता सङ्ग्रहहरू 'संसद्मा एक दिन', वाणी प्रकाशन २०५६, 'हरि अधिकारीका कविता', साझा प्रकाशन, २०६३ र 'गार्मेन्टकी गायत्री', कवितासङ्ग्रह, फाइन प्रिन्ट काठमाडौं, २०६६ उनले नेपाली साहित्य जगत् र पाठकलाई दिइएको अन्य कृतिगत उपहार हुन् । वि.सं. २०२४ मा कविताको प्रकाशन गरेर साहित्यको आराधना सुरु गरेका अधिकारी वि.सं. २०२७ को राष्ट्रिय कविता महोत्सवमा प्रथम भए र पछि केही अन्य पुरस्कार र सम्मान पनि पाए । उनको प्रिय विधा पनि कविता नै हो । तथापि, साहित्यिक पत्रकार अधिकारी निबन्धमा पनि बराबर पत्रपत्रिकाहरूमा पोखिइरहन्छ र पाठकलाई चमत्कार देखाएरै छाड्छन् ।

पत्रपत्रिकामा प्रकाशन भएका र अप्रकाशित निबन्ध र संस्मरणहरूको सङ्ग्रह 'साठी वर्षपछि' (रत्नपुस्तक भण्डार, २०६९)को स्वाद पाइसकेका पाठकले अर्को निबन्ध । प्रबन्धसङ्ग्रह वा पछिल्लो कृति 'संकलित गद्यरचना' (आशुतोष अधिकारी, २०७७) पाउन भने करिब आठ वर्ष नै कुर्नुपऱ्यो । तेइस निबन्ध/प्रबन्ध समाविष्ट सो कृतिमा पनि पाठकले हरि अधिकारी शैली र स्वाद नै पाउँछन् । त्यसो त उनका सबै कविता संग्रहको समग्ररूप, नेपालबाट अमेरिका लगिएका वा पुगेका भुटानी शरणार्थीको स्थिति समेटिएको गैरआख्यान र २६ प्राज्ञिक-साहित्यिक आदि व्यक्तित्वको अन्तर्वार्ता संग्रह पनि निकट भविष्यमै आउने छन् ।

'संकलित गद्यरचना'मा समाविष्ट उनका २३ निबन्ध रचनाहरूलाई लेखकका आफ्नै साहित्यिक-साञ्चारिक जीवनका अनुभूति तथा स्वदेश र विदेशका अनुभव, नेपालका राष्ट्रिय राजनीतिक-साहित्यिक-सांस्कृतिक व्यक्तित्वका जीवनका विविध पाटा, नेपालका केही हिमाल-नदी- प्राकृतिक वैभवसम्पन्नस्थल र आफ्नो जन्मभूमिको चिनारी जस्ता खण्डमा भाग लगाउन सकिन्छ ।

डिभी परेर भासिएका छोराबुहारी तथा छोराछोरी भेट्न बेलाबखत अमेरिका जाँदाको वर्णन विशेषगरी कोरोनाकालको तीतो अनुभव 'असीमित अवसरहरूको देशमा एक जोडी नेपाली' छ । बरु नेपालले नै विश्वशक्ति




अमेरिकाभन्दा बढी सतर्क कदम चालेकामा उनी सन्तोष व्यक्त गर्दछन् । व्यापार प्रवर्द्धन केन्द्रको कार्यकारी निर्देशक हुँदा पोर्चुगलको राजधानी लिस्बनमा आयोजित 'एक्स्पो लिज्बन-९८' मा सहभागी हुनुपूर्व आफूलाई रोक्न खोजिएको र पछि सहभागी भइसकेपछि नेपालबाट सलामी खान पाएको रोचक घटना यसमा छ । 'बस बिसौनीमा पर्खिबस्दा' मा उनले संविधानसभाबाट संविधान प्राप्त हुनुअघिको नेपाल र नेपालीले भोगेको अशान्ति, अन्योल र दरिद्रताको स्थितिको सजीव चित्रण गरेका छन् ।

दशैंको टीका थाप्न गाडी कुरिरहेकाहरूको चिन्तासँगै लेखकले नेपालीले व्यहोरिरहेको बिजुली बत्ती-सुलभ नुन-पानी-औषधोपचार-कानुनी शासनको अभाव, भोकमरी, वैदेशिक श्रमिकका परिवारका पीडा, प्रहरीसँगको डर, व्याप्त विभेद, बेथिति र भ्रष्टाचार र विदेशीसँगको राजनीतिक निर्भरतालाई गाँसेर हाम्रो वास्तविक अवस्थालाई केलाइदिएका छन् ।

'हुवाँ कार्लोसको अभिनन्दन' मा स्पेनी नरेश हुवाँ कार्लोसको अभिनन्दन गर्दाको समय (नेपाली कांग्रेसबाट विजयी प्रधानपञ्च हरिबोल भट्टराईको २०४४-०४५ तिरको कार्यकाल)मा अभिनन्दनपत्रमा नेपालीको प्रजातान्त्रिक व्यवस्थाप्रतिको चाहनाका बुँदा राख्न लाग्दा दरबारदेखि कर्मचारी संयन्त्रबाट अनेक धम्की आए पनि सफल भएर छाडेको सफलताको कथा छ । 'काठमाडौं, नेवाः खाजाघर र मेरो राज्य'मा काभ्रेपलाञ्चोक, कुशादेवी बिहाबरका निबन्धकारले उच्च शिक्षा अध्ययनका लागि त्रिचन्द्र क्याम्पस पढ्न असन-इन्द्रचोक नजिक न्ह्योखा टोलमा बस्दा, नोकरी थाल्दा, पत्रकारिता र राजनीतिमा आकर्षित हुँदाका बखतको 'कोर काठमाडौं'सँगको हिमचिम र त्यहाँका वासः पसहरूका समेत वर्णन गरेर पुरानो सभ्यतातिर पाठकलाई लगिदिएका छन् । 'क्रान्तिकारी किशोरीको सान्निथ्यमा केही क्षण' निबन्ध भने दाङ, घोराहीमा वि.सं. २०७० मा आयोजित राष्ट्रिय कविता महोत्सवमा भेटिएकी रोल्पाकी एक छापामार युवतीसँग सम्बन्धित भए पनि त्यसमार्फत लेखकले जनयुद्धमा सहिद भएका बाबु, तिनीहरूलाई छाडेर गएकी आमा, मधेस झरेका दाइकी एक बहिनीको जनयुद्ध सकिएको सात वर्षपछि भएको टिनको छाप्राको बास र त्यस जनक्रान्तिले कहालिलाग्दो भविष्यतिर मात्र डोहोऱ्याएको अभिमत राखेका छन् ।

संकलित कृतिमा निबन्धकारले कारागारमा सड्न लागेका सात सालपूर्वका प्रजातान्त्रिक योद्धा बलबहादुर पाँडे क्षत्रीलाई कारागारमै परेका अर्का क्रान्तिकारी व्यक्तित्व गणेशमान सिंहले एक्लै गरेको सेवा सुवारको अनुपम वर्णन छ । पाँडे जस्ता इतिहासको गर्तमा हराएका योद्धालाई उजागर गरेर लेखकले इतिहासकार र त्यसका विद्यार्थीहरूलाई आँखा पनि खोलिदिएका छन् । लक्ष्मीप्रसाद देवकोटाको बनारस प्रवासको एक कालखण्डको पनि निबन्धकारले चर्चा गरेका छन्, जसमा महाकविका कविताका मर्मज्ञ तथा स्वयंसेवी परिचारिका शान्तिको दुःखद् अन्त्यलाई कारुणिक ढङ्गबाट वर्णन गरिएको छ जुन कुरा देवकोटासम्बन्धी सामान्य पुस्तकहरूमा पाइँदैन ।

त्यस्तै प्रसिद्ध हास्यव्यंग्यकार भैरव अर्याल, कांग्रेसका नेता बिपी कोइराला, सिंह र सूर्यप्रसाद उपाध्याय, नेकपा (मसाल)का महामन्त्री मोहनविक्रम सिंह, 'मधुपर्क' साहित्यिक पत्रिकाका प्रधानसम्पादक नारायणबहादुर सिंह, लेखकका प्रिय कवि मोहन कोइराला, नृत्याङ्गना तथा नाटक एवम् चलचित्र कलाकार सुभद्रा अधिकारीसँग सम्बन्धित ऐतिहासिक पक्षले बेग्लै संसारमा पाठकलाई लैजान्छ । भारत इन्दौरका कवि तथा शायर डा राहत इन्दौर र पाकिस्तानी कवि तथा चिन्तक फैज अहमद फैजक चर्चित कविता अहिले पनि सान्दर्भिक रहेको र तिनले सच्चा विद्रोहीहरूलाई उत्साह दिने गरेको चर्चा पनि गरेर निबन्धकारले देश र संसारकै लागि योगदान दिनेहरूप्रति कृतज्ञता जाहेर गरेका छन् ।

